October 16th, 2024

Wednesday

National News

<u>प्रमुख समाचार:</u>

1. केन्द्र सरकारद्वारा बजार सत्र २०२५-२६ को लागि रबी बालीको न्यूनतम समर्थन मूल्य वृद्धि गरेको घोषणा
2. प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि नयाँ दिल्लीमा अभिधम्म दिवस समारोहमा सहभागी हुनुहुने
3. नेशनल कन्फरेन्सका नेता श्री ओमर अब्दुल्लाद्वरा जम्मू र कश्मीरको मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण
4. श्री नायब सिंह सैनी हरियाणामा भाजपा विधायक दलको नेता चयन, उहाँले भोलि मुख्यमन्त्रीको सपथ लिनु हुने
5. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु आफ्नो तीन अफ्रिकी देशको भ्रमणको दोस्रो चरणमा आज साँझ मौरिटानिया पुग्नु हुने

## 1. Cabinet Meeting

केन्द्र सरकारले आज बजार सत्र २०२५-२६ को लागि रबी बालीको न्यूनतम समर्थन मूल्य-एमएसपी बढाएको छ। नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय मन्त्रिपरिषद् बैठक बसेको थियो। बैठकपछि सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णभले बैठकले गरेका निर्णयबारे पत्रकारहरुलाई जानकारी गराउनुभयो। उहाँले यो बृद्धिको उद्देश्य किसानलाई आफ्नो उत्पादनको उचित मूल्य उपलब्ध गराउनु रहेको बताउनुभयो । श्री वैष्णभले सरकारले उत्तर प्रदेशमा गंगा नदीमा रेल र सडक पुल सहित वाराणसी-पंडित दीनदयाल उपाध्याय बहु पदयात्रा परियोजनालाई पनि स्वीकृत गरेको जानकारी दिनुभयो। श्री वैष्णवले केन्द्रीय कर्मचारीहरूको महंगाई भत्ता-डीए र पेंशनरहरूको महंगी राहत-डीआर तीन प्रतिशतले बढाइएको बताउनुभयो। यसबाट ४९ लाखभन्दा बढी केन्द्रीय कर्मचारी र ६४ लाखभन्दा बढी पेन्सनधारक लाभान्वित हुने उहाँले जानकारी दिनुभयो।

## 2. PM – Abhidhamma Diwas

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि नयाँ दिल्लीमा अभिधम्म दिवस र पालीलाई शास्त्रीय भाषाको रूपमा मान्यता दिने समारोहमा सहभागी हुनु हुनेछ। अन्तर्राष्ट्रिय बौद्ध महासंघले संस्कृति मन्त्रालयसँगको सहकार्यमा यो दिवस मनाउँदै छ । कार्यक्रममा संस्कृति तथा पर्यटनमन्त्री श्री गजेन्द्रसिंह शेखावतले विशेष सम्बोधन गर्न‌ु हुनेछ। संसदीय मामिला तथा अल्पसंख्यक मामिला मन्त्री श्री किरेन रिजिजु पनि सो अवसरमा उपस्थित रहन‌ु हुनेछ।

## 3. J & K CM – Swearing In

नेसनल कन्फरेन्सका नेता ओमर अब्दुल्लाले केन्द्र शासित प्रदेश जम्मु कश्मीरको मुख्यमन्त्रीको शपथ ग्रहण गर्नुभएको छ। उपराज्यपाल श्री मनोज सिन्हाले आज श्रीनगरको शेर-ए-कश्मीर इन्टरनेशनल कन्भेन्सन सेन्टरमा श्री अब्दुल्ला र उहाँको मन्त्रिपरिषद्लाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको थियो। सपथ ग्रहण समारोहमा कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गे, लोकसभाका विपक्षी नेता श्री राहुल गान्धी, समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादव, जम्मू कश्मीरका पूर्व मुख्यमन्त्री महबुबा मुफ्ती र भारतीय जनता पार्टीका नेताहरू पनि सहभागी थिए। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्री ओमर अब्दुल्लालाई जम्मू कश्मीरको मुख्यमन्त्रीको रूपमा सपथ लिएकोमा बधाई दिनुभएको छ। आज सामाजिक सञ्जालको एक पोस्टमा प्रधानमन्त्रीले केन्द्रले जम्मू कश्मीरको प्रगतिको लागि श्री अब्दुल्ला र उहाँको टोलीसँग मिलेर काम गर्ने बताउनुभएको छ।

## 4. Haryana – New Govt

हरियाणाका कार्यवाहक मुख्यमन्त्री श्री नायब सिंह सैनी भारतीय जनता पार्टी विधायक दलको नेतामा निर्वाचित हुनुभएको छ। केन्द्रीय गृहमन्त्री तथा पार्टी पर्यवेक्षक श्री अमित शाहले आज पञ्चकुलास्थित पार्टी कार्यालयमा विधायक दलको बैठकपछि यो जानकारी दिनुभएको हो। श्री नायब सिंह सैनी र भाजपा विधायक दलले राज्यपाल श्री बंडारु दत्तात्रेयलाई भेटेर राज्यमा सरकार गठनको दावी गर्न‌ु हुनेछ। सपथ ग्रहण समारोह भोलि पञ्चकुलाको शालिमार मैदानमा हुनेछ ।

5. Jaishankar - SCO

विदेशमन्त्री डा. एस. जयशंकरले अर्थतन्त्र र विकासका लागि शान्ति र स्थायित्व निकै महत्वपूर्ण रहेको बताउनुभएको छ । उहाँले सीमापार आतंकवादी, चरमपन्थी र पृथकतावादी गतिविधिले व्यापार र जनसम्पर्कमा बाधा पुऱ्याउने चेतावनी दिनुभयो । आज पाकिस्तानको इस्लामावादमा आयोजित सांघाई सहयोग संगठनका सरकार प्रमुखहरूको परिषद्को २३औँ बैठकलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

6. Prez - Visit

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु तीन अफ्रिकी देशको भ्रमणको दोस्रो चरणमा अल्जियर्सबाट मौरिटानिया प्रस्थान गर्नुभएको छ।। राष्ट्रपतिलाई न्यानो बिदाइ गरिएको थियो । मौरिटानियाको एकदिने भ्रमणका क्रममा राष्ट्रपति श्रीमती मुर्मुले त्यहाँका नेत ाहरूसँग द्विपक्षीय भेटघाट गर्ने र भारतीय प्रवासीहरूसँग अन्तरक्रिया गर्न े कार्यक्रम छ।

7. Delhi– Indian Dance Festival

केन्द्रीय संस्कृति मन्त्री श्री गजेन्द्र सिंह शेखावतले राजधानी दिल्लीमा आज पहिलो अन्तर्राष्ट्रिय भारतीय नृत्य महोत्सवको उद्घाटन गर्नुभयो। संगीत नाटक अकादमीले आयोजना गरेको छ दिने महोत्सवमा अमेरिका, इन्डोनेसिया, नेपाल, बंगलादेश, सिंगापुर, श्रीलंकालगायत देशका कलाकार, विद्वान र नृत्य समीक्षकको सहभागिता रहेको छ । यस अवसरमा श्री शेखावतले भारत विविध र अनुपम कलामा धनी देश भएको बताउनुभयो। उहाँले भारतले नृत्य कला मार्फत विश्वलाई संस्कृतिको मिलन र साझा प्रगतिको सन्देश दिइरहेको बताउनुभयो। श्री शेखावतले भारतीय नृत्य परम्पराको यो विश्वव्यापी पर्वमा समावेश हुन पाएकोमा खुशी व्यक्त गर्दै यो आफ्नो लागि गौरवको क्षण भएको बताउनुभयो । अन्तर्राष्ट्रिय भारतीय नृत्य महोत्सव यही महिनाको 21 तारिखसम्म चल्नेछ।

## 8. ISA Assembly

अन्तर्राष्ट्रिय सौर्य गठबन्धन-आईएसए एसेम्बलीको सातौं सत्र नोभेम्बर ३ देखि नोभेम्बर ६ सम्म भारत मण्डपम, नयाँ दिल्लीमा हुनेछ। ISA सभाले अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको पहलमा छलफल गर्नेछ। बैठक ISA सदस्य देशहरूलाई सौर्य ऊर्जा अपनाउने र सौर्य परिनियोजनलाई गति दिन वित्त जुटाउन सशक्त बनाउने कुरामा केन्द्रित रहने बताइएको छ। नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा केन्द्रीय नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री तथा आइएसएका अध्यक्ष श्री प्रल्हाद जोशीले सौर्य ऊर्जा प्रवर्द्धन गर्न विश्वभरका नेताहरू आइएसए सम्मेलनमा भेला हुने बताउनुभयो ।

## 9. Delhi Namo Bharat Book Fair

राष्ट्रिय राजधानी क्षेत्र यातायात निगम-एनसीआरटीसीद्वारा आजदेखि आरआरटीएसको गाजियाबाद स्टेशनमा नमो भारत पुस्तक मेला सुरु भएको छ। नेसनल बुक ट्रष्टको सहकार्यमा तीनदिने यो मेला हुन लागेको हो । यस पुस्तक मेलामा यात्रु तथा स्थानीय बासिन्दाका लागि विभिन्न वर्गका पुस्तकहरू उपलब्ध हुने एनसीआरटीसीले जनाएको छ । यसमा लोकप्रिय जीवनी, क्लासिक र समसामयिक साहित्य, कथा, गैर-कथा र बाल पुस्तकहरू समावेश छन्। यो मेला बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म खुला रहनेछ । पुस्तक प्रेमीहरूले शुक्रबारसम्म यो मेला निःशुल्क हेर्न सक्नेछन् ।

## 10. Cricket ICC

भारत र न्यूजिल्याण्डबीचको तीन खेलको सिरिजको पहिलो टेस्ट क्रिकेट वर्षाका कारण सुरु हुन सकेन । भारत आईसीसी विश्व च्याम्पियनसिपको अंक तालिकाको शीर्ष स्थानमा छ ।

## 11. Denmark Open Tennis

स्टकहोम ओपन टेनिस प्रतियोगिताको पुरुष एकलको पहिलो चरणमा शीर्ष भारतीय खेलाडी सुमित नागलले आज साँझ फ्रान्सका क्वेन्टिन हेलिसको सामना गर्नेछन्।